Regd. No.: 114473/059/060
PAN No.: 301442912

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेड

च.नं.:- २०९१/०८१/०८२

मिति: २०८१/०६/१५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

**विषय : आ.व. २०८०/०८१ को २१औं वार्षिक साधारण सभा र शेयर दर्ता किताब बन्द सम्बन्धमा ।**

महोदय,

अपि पावर कम्पनी लिमिटेडको मिति २०८१/०५/०७ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार अपि पावर कम्पनी लिमिटेडको आ.व. २०८०/०८१ को खुद मुनाफा तथा शेयर प्रिमियमबाट कायम रहेको चुक्ता पूँजी रु. ५७८.६५ करोडको कम्पनीका विद्यमान शेयरधनीहरुलाई ९ प्रतिशतका दरले वोनश शेयर र ०.४७३७ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश घोषणा गरिएकोमा नियमक निकाय श्री विद्युत नियमन आयोगबाट यस मुनाफा वितरण गर्न नमिल्ने जानकारी सहितको पत्र प्राप्त भएको व्यहोरा सबैमा सर्वविदितै छ ।

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा २२ मा आयोगको निर्णय माथि सम्बन्धित कम्पनीले पुनरावलोकनको लागि आवश्यक थप कागजातहरु सहित १५ दिन भित्र निवेदन दिन सक्ने व्यवस्था रहेको छ । उक्त निवेदन उपर आयोगले १५ दिन भित्र साविकको निर्णय कायम राख्ने वा संसोधन गर्न सक्ने प्रावधान अनुरुप अपि पावर कम्पनी लिमिटेडको मिति २०८१/०६/१० गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम उक्त निर्णयको पुनरावलोकनका लागि मिति २०८१/०६/१० गते नै श्री विद्युत नियमन आयोगमा निवेदन दिएको जानकारी गर्दछौ ।

यस सम्बन्धमा मिति २०८१/०६/१५ गते, साँझ ५:३० बजे बसेको संचालक समितिको निर्णयानुसार श्री विद्युत नियमन आयोगमा अपि पावर कम्पनी लिमिटेडले पेश गरेको आवेदन विचाराधीन अवस्थामा रहेको तथा कम्पनीले २१औं वार्षिक साधारण सभामा प्रस्ताव गरेको वोनश शेयर (लाभांश) र मूल्य समायोजन प्रकृयामा असर पर्ने देखिएकोले यस लाभांश वितरणको विषयमा नियामक निकाय श्री विद्युत नियमन आयोगबाट उक्त निर्णयको पुनरावलोकन भई निर्णय प्राप्त नभएसम्मका लागि कम्पनीको आ.व. २०८०/०८१ को २१औं वार्षिक साधारण सभा र शेयर दर्ता किताब बन्द हुने मिति हाललाई स्थगित गरिएको व्यवहोरा सम्बन्धित सरोकारवाला सबैमा सुचित गरिन्छ । यसबाट पर्न गएको असुविधा प्रति अपि पावर कम्पनी लिमिटेड खेद प्रकट गर्दछ ।

साथै श्री विद्युत नियमन आयोगबाट पुनरावलोकन भई निर्णय जारी भएपश्चात् अर्को सुचना जारी गरी अपि पावर कम्पनी लिमिटेडको स्थगित २१औं वार्षिक साधारणसभा तथा शेयर दर्ता किताब बन्द हुने मिति पुनः तय गरिने व्यहोरा सम्वन्धित सवैमा सुचित गरिन्छ ।

भवदिय,

सुजन अधिकारी
कम्पनी सचिव

**बोधार्थः**

श्री नेपाल धितोपत्र बोर्ड ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।
श्री विद्युत नियमन आयोग ।
श्री विद्युत विकास विभाग ।

4th Floor, Trade Tower Nepal, Thapathali-11, Kathmandu, Nepal  +977-01-5111093
info@apipower.com.np, apipowercompany@gmail.com  www.apipower.com.np